आज मिति २०८२/१०/१५ गतेका दिन विहान ८:०० बजे यस मर्स्याङदी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री विज्ञान पौडेल

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

लेखा अधिकृत :– श्री मनी राना मगर

ईन्जिनियर :– श्री सुरेश गौतम



Scanned with CamScanner

मिति २०८२ माघ १५ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।

मिति २०८२/०९/१७ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो ।

निर्णय नं.२ आ.व. २०८३/८४ को लागि नेपाल सरकारमा योजना माग गरि पठाउने सम्बन्धमा ।

नेपाल सरकारका विभिन्न मन्त्रालयहरुमा आ.व.२०८३/०८४ को लागि निम्ने योजनाहरु सिफारिसका साथ अनुरोध गरी पठाउन यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

क) सडकः

१. भुलभुले - सिमलचौर - भुस्मे - रिन्टाङ सडक मर्स्याङ्दी -८
२. डादी - बाहुनडाँडा – घेर्मु सडक, मर्स्याङदी -६,५
३. डादी - उस्ता - वराहपोखरी सडक, मर्स्याङ्दी -७
४. खदी - सिम्पानी - भलामचौर - घलेगाउँ सडक , मर्स्याङ्दी ९
५. खुदी – पाम्पचोक – भलामचौर – घलेगाउँ सडक, मर्स्याङ्दी -९
६. खुदी – शिउरुङ – स्याङ्गे सडक, मर्स्याङदी -३,४
७. खुदी – घनपोखरा – नायु सडक, मर्स्याङ्दी -९,२,१
८. सिम्पानी चक्रपथ, मर्स्याङ्दी ९,
९. डादी - बाहुनडाँडा - सन्जापु सडक, मर्स्याङदी -६,७

ख) मोटरेवल पुलः

१. स्याङ्गे – घेर्मु मोटरेवल पुल, मर्स्याङ्दी -४,५
२. बेलाउति बिसौनी पुल, बेसिशहर ६,१०
३. भलामखोला मोटरेबल पुल, बेसिशहर ६, मर्स्याङदी -९

ग) तटबन्धः

१. खुदी खोला तटवन्ध,
२. मर्स्याङ्दी तटवन्ध,

घ) पर्यटन विकासः

१. जगत तातोपानी कुण्ड विकास योजना, मर्याङ्दी -४
२. डा. हर्क गुरुङ समाधिस्थल पार्क, मर्स्याङ्दी -७
३. माधव प्रसाद घिमिरे जन्म स्थल पार्क, मर्स्याङदी -६
४. हर्सिङ डाँडा पर्यटन विकास योजना, मर्स्याङदी -३
५. भक्ति थापा जन्म स्थल पार्क, मर्स्याङ्दी-३
६. तारेभिर रक क्लाईम्बिङ विकास योजना, मर्स्याङ्दी -४
७. वाह्पोखरी पर्यटन विकास कार्यक्रम, मर्स्याङदी -७

८. तलङ्यो पोखरी पर्यटन विकास कार्यक्रम, मर्स्याङ्दी -१
९. अन्नपूर्ण वैकल्पिक पदमार्ग, मर्स्याङदी गाउँपालिका
१०. दुधपोखरी पर्यटन पदमार्ग, मर्स्याङ्दी -१,२,३,४
११. बुद्ध हिमाल हिमालचुली गेट लेक्स ट्रेल

ङ) खेल मैदानः
१. डादी खेल मैदान, मर्स्याङदी -७
२. घनपोखरा खेल मैदान, मर्स्याङ्दी -१ .(हाई अल्टिच्युट ग्राउन्ड २२०० मि.)
३. खुदी खेल मैदान, मर्स्याङ्दी - ३
४. केक्याम खेल मैदान, मर्स्याङदी -२
५. रामबजार खेल मैदान, मर्स्याङ्दी -४
६. सिर्जना युवा क्लव खेल मैदान, मर्स्याङ्दी -६

च) सिंचाईः
१. चनौटे सिंचाई, मर्स्याङ्दी – ६
२. तरापु सिंचाई योजना, मर्स्याङ्दी -३
३. रन्जित सिंचाई योजना, मर्स्याङ्दी - ९
४. डिहि सिंचाई योजना, मर्स्याङ्दी – ७
५. कलाउवेंसी सिंचाई, मर्स्याङदी -१
६. तोप्रे खोला आठखेत सिंचाई, मर्स्याङ्दी -४
७. रोप्लेफोंट सिंचाई, मर्स्याङ्दी -२
८. वान्द्रे लाम्पाटा सिंचाई, मर्स्याङ्दी -८
९. चामे खोला सिंचाई, मर्स्याङ्दी -५,६

<u>निर्णय नं.३ आ.व. २०८३/८४ को लागि गण्डकी प्रदेश सरकारमा योजना माग गरि पठाउने सम्बन्धमा ।</u>

गण्डकी प्रदेश सरकारका विभिन्न मन्त्रालयहरुमा आ.व.२०८३/०८४ को लागि निम्न योजनाहरु सिफारिसका साथ अनुरोध गरी पठाउने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

क) सडक :
१. भुलभुले - सिमलचौर - भुस्मे - रिन्टाङ सडक मर्स्याङदी -८
२. डादी - बाहुनडाँडा – घेर्मु सडक, मर्स्याङदी -६,५
३. नायू - सेने - कलाउवेंसी सडक, मर्स्याङदी -१
४. खुदी - टोपुँ - पुरानोगाउँ - जिम्दो सडक, मर्स्याङ्दी -३
५. डादी - उस्ता - वराहपोखरी सडक, मर्स्याङदी -७
६. खदी - सिम्पानी - भलामचौर - घलेगाउँ सडक , मर्स्याङ्दी ९
७. खुदी – पाम्पचोक – भलामचौर – घलेगाउँ सडक, मर्स्याङ्दी -९
८. खुदी – शिउरुङ – स्याङ्गे सडक, मर्स्याङ्दी -३,४
९. खुदी – घनपोखरा – नायु सडक, मर्स्याङ्दी -९,२,१
१०. सिम्पानी चक्रपथ, मर्स्याङ्दी ९

पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

११. खुदी - लामागाउ - नजरे सडक मर्स्याङ्दी ९, क्याहोलासोथार
१२. रामबजार - छापा - उपल्लो ताघृङ सडक, मर्स्याङ्दी -४
१३. ढगै - हर्सिङ सडक, मर्स्याङ्दी -३
१४. ताराचोक - लुर्दी सडक मर्स्याङ्दी -७

**ख) मोटरेवल पुल :**

१. रोप्ले खोला मोटरेवल पुल, मर्स्याङ्दी २
२. स्याङ्गे - घेर्मु मोटरेवल पुल, मर्स्याङ्दी ४,८
३. वेलौतिविसौनी पुल बेसिशहर ६,१०

**ग) पर्यटन विकास :**

१. जगत तातोपानी कुण्ड विकास योजना, मर्स्याङ्दी -४
२. डा. हर्क गुरुङ समाधिस्थल पार्क, मर्स्याङ्दी -७
३. माधव प्रसाद घिमिरे जन्मस्थल पार्क, मर्स्याङ्दी -६
४. तारेभिर रक क्लाईम्विङ विकास योजना, मर्स्याङ्दी -४
५. भक्ति थापा जन्मस्थल पार्क, मर्स्याङ्दी -३
६. हर्सिङ डाँडा पर्यटन विकास योजना, मर्स्याङ्दी -३
७. शिउरुङ होम स्टे विकास योजना, मर्स्याङ्दी -३
८. रक गार्डेन होम स्टे विकास योजना, मर्स्याङ्दी -५
९. घनपोखरा होम स्टे विकास योजना, मर्स्याङ्दी -१
१०. भुम्मे तामाङ होम स्टे विकास योजना, मर्स्याङ्दी -८
११. भलामचौर होम स्टे विकास योजना, मर्स्याङ्दी -९
१२. अन्नपूर्ण बैकल्पिक पदमार्ग, मर्स्याङ्दी गा.पा.
१३. वाह्रपोखरी पर्यटन विकास कार्यक्रम, मर्स्याङ्दी -७
१४. तलङ्यो पोखरी पर्यटन विकास कार्यक्रम, मर्स्याङ्दी -१
१५. दुधपोखरी पर्यटन पदमार्ग, मर्स्याङ्दी -१,२,३,४
१६. वुद्ध हिमाल हिमालचुली ग्रेट लेक्स ट्रेल

**घ) खेल मैदान :**

१. सिर्जना यूवा क्लव खेल मैदान, मर्स्याङ्दी -६
२. खुदी खेल मैदान, मर्स्याङ्दी -३
३. घनपोखरा खेल मैदान, मर्स्याङ्दी -१ (हाई अल्टिच्युट ग्राउन्ड २२०० मि.)
४. डादी खेल मैदान, मर्स्याङ्दी -७
५. केक्याम खेल मैदान, मर्स्याङ्दी -२
६. राम बजार खेल मैदान, मर्स्याङ्दी -४

विशाल पौडेल
प्रमुख प्रशासकीय अधिकृत



अर्जुन गुरुङ
अध्यक्ष

ङ) तटबन्द :

१. मर्स्याङ्दी तटबन्द
२. खुदी खोला तटबन्द

**च) खानेपानी योजना :**

१. न्युरी घेमु खानी छिच्यु खानेपानी योजना, मर्स्याङ्दी -५
२. तराञ्चे खानेपानी योजना, मर्स्याङ्दी -७
३. भाचे खानेपानी योजना, मर्स्याङ्दी -२
४. घनपोखरा नायू खानेपानी योजना, मर्स्याङ्दी -१
५. खुदी - तरापु खानेपानी योजना, मर्स्याङ्दी -३
६. दोभानचौर खानेपानी योजना, मर्स्याङ्दी -६

**छ) सिँचाई :**

१. सेराफाँट सिँचाई योजना, मर्स्याङ्दी -९
२. चामे खोला ठुलोबेँसी सिँचाइ, मर्स्याङ्दी -५, ६
३. कलाउबेँसी सिँचाइ योजना, मर्स्याङ्दी -१
४. तप्रोखोला सिँचाइ, मर्स्याङ्दी -४
५. तरवाली खोला सिँचाइ, मर्स्याङ्दी -५

**ज) भूसंरक्षण योजना :**

१. थाकन गाउँ संरक्षण योजना, मर्स्याङ्दी -३
२. तराञ्चे गाउँ संरक्षण योजना, मर्स्याङ्दी -७
३. घोप्टे खोला रामबजार क्षेत्र पहिरो नियन्त्रण, मर्स्याङ्दी -४
४. अर्खले गाउँ संरक्षण योजना, मर्स्याङ्दी -९
५. नाँयू घनेपोखरा गाउँ संरक्षण योजना, मर्स्याङ्दी -१

**झ) लागत साझेदारीमा वडा कार्यालय भवन स्तरोन्नती :**

१. वडा नं. १ को वडा कार्यालय
२. वडा नं. २ को वडा कार्यालय
३. वडा नं. ३ को वडा कार्यालय
४. वडा नं. ४ को वडा कार्यालय
५. वडा नं. ५ को वडा कार्यालय
६. वडा नं. ९ को वडा कार्यालय

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत



अर्जुन गुरुङ
अध्यक्ष

**<u>निर्णय नं ४: सडक बोर्ड नेपालको लागी बजेट विनियोजन तथा वार्षिक कार्यक्रम स्वीकृत सम्बन्धमा।</u>**

नेपाल सरकार, सडक बोर्ड नेपालबाट प.सं. २०८२-८३, च.नं. ६७९ मिति २०८२/९/२८ को पत्रानुसार आ.व. २०८२/८३ मा स्थानीय सडक मर्मत संभार कार्यको लागी सडक बोर्ड नेपालबाट रु ८,१०,०००.०० (अक्षरुपी आठ लाख दश हजार रुपैया मात्र) स्वीकृत गरी पठाएकोले यस मर्स्याङदी गाउँपालिकाले सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम (९) बमोजिम व्यहोर्नुपर्ने समपुरक कोष (Matching Fund) बापत हुन आउने रकम रु २,०२,५००.०० (अक्षरुपी दुई लाख दुई हजार पाँच सय रुपैया मात्र) लागत साझेदारी योजना शिर्षकबाट खर्च गर्ने गरी वडा नं ६ को बाहुनडाँडा - भिरपुस्तुन सडक खण्डमा मर्मत सम्भार गर्नेगरी कुल रु १०,१२,५००.०० (अक्षरुपी दश लाख बाह्र हजार पाँच सय रुपैया मात्र) बराबरको वार्षिक कार्यक्रम स्वीकृत गरी सहमतीको लागी सडक बोर्ड नेपालमा पेश गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

**<u>निर्णय नं ५: सामुदायिक बीउ बैंक सुदृढीकरण सम्बन्धमा ।</u>**

मर्स्याङदी गाउँपालिकाको चालु आ.व. २०८२/८३ को वार्षिक स्विकृत वित्तिय हस्तान्तरित कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम सञ्चालनका लागि २०८२/०७/२० गते नेपाल सरकारबाट जारी गरिएको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को परिच्छेद-३ मा रहेको प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम, सञ्चालन गर्न सकिने क्रियाकलाप, न्युनतम मापदण्ड तथा प्राविधिक वा प्रासङ्गिक विषय अन्तर्गत दफा ३४ मा रहेको कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रमको उपदफा ३ (क) सामुदायिक बीउ बैंक स्थापना एवम् सुदृढीकरणको (ई) मा "सामुदायिक बिउ बैंक वा कृषि जैविक विविधता संरक्षणमा संलग्न कृषक समूह तथा सहकारीलाई बीउ पूँजी उपलब्ध गराउन सकिनेछ र यस्तो कोष खडा गर्न चाहने सामुदायिक बीउ बैंक वा कृषक समूह वा कृषि सहकारीलाई अधिकतम रु. एक लाख (१,००,०००/-) सम्म बीउ पूँजी उपलब्ध गराउन सकिनेछ भन्ने प्रावधान रहेकोमा यस मर्स्याङदी गाउँपालिका वडा नं ०२ घनपोखरास्थित धनपोखरा कृषि सहकारी तथा सामुदायिक बीउ बैंकलाई बीउ बैंक सुदृढीकरणका लागि रु. १,००,००० /- ( अक्षरुपी एक लाख रुपैया मात्र) बीउ पूँजी उपलब्ध गराउने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

**<u>निर्णय नं ६: कृषक समूह तथा सहकारी, स्थानीय समुदाय नगद पुरस्कार सहित सम्मान सम्बन्धमा ।</u>**

मर्स्याङदी गाउँपालिकाको चालु आ.व. २०८२/८३ को वार्षिक स्विकृत वित्तिय हस्तान्तरित कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम सञ्चालनका लागि २०८२/०७/२० गते नेपाल सरकारबाट जारी गरिएको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को परिच्छेद-३ मा रहेको प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम, सञ्चालन गर्न सकिने क्रियाकलाप, न्युनतम मापदण्ड तथा प्राविधिक वा प्रासङ्गिक विषय अन्तर्गत दफा ३४ मा रहेको कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रमको उपदफा ३ (ङ) स्थानीय कृषि जैविक विविधता संरक्षण तथा प्रवर्द्धन अन्तर्गत (ई) मा रहेको संरक्षक कृषक

विज्ञान पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

मञ्जुश्री गुरुङ
अध्यक्ष

/समुदाय/संस्थालाई सम्मान गर्नेमा स्थानीय स्तरमा यथास्थान एवम् घर गोठ तथा खेत स्तर कृषि जैविक विविधता संरक्षण र व्यवस्थापनमा निरन्तर क्रियाशिल स्थानीय संरक्षक कृषक, कृषक अगुवा वा अभियान्ता र कृषि जैविक विविधता संरक्षणमा उल्लेखनिय योगदान पुर्याउने कृषक समूह तथा सहकारी, स्थानीय समुदाय वा सो कार्यमा संलग्न स्थानीय संस्थाहरुलाई नगद पुरस्कार सहित सार्वजनिक सम्मान गर्न सकिनेछ भन्ने प्रावधान रहेको हुँदा यस मर्स्याङ्दी गाउपालिका वडा नं ०२, घनपोखरास्थित घनपोखरा कृषि सहकारी तथा सामुयदायिक बीउ बैंकले आफ्नो स्थापनाकालदेखि नै कृषि जैविक विविधता संरक्षणमा ठूलो योगदान पुर्याएकाले उक्त सहकारीलाई सम्मान स्वरुप नगद रु. ६०,०००/- (अक्षरुपी साठी हजार रुपैया मात्र) दिने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं ७: योजना सम्झैताको म्याद थप सम्बन्धमा ।

मर्स्याङ्दी गाउँपालिकको मिति २०८२/०९/२२ गते भएको २०८२-०८३ को दोस्रो गाउँसभा (२०औं अधिवेशन)बाट सशोधन भएका /थप भएका योजनाहरुको योजना सम्झैताको म्याद मिति २०८२/११/१५ गते सम्म थप गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं ८ : आर्थिक सहयोग सम्बन्धमा ।

❖ विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्बन्धि खर्च शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

१. लमजुङ उद्योग बाणिज्य सघ रु. १,००,०००।- (एक लाख रुपैया मात्र) नवौं लमजुङ महोत्सव २०८२ सञ्चालनार्थ ।

२. भक्ति थापा जन्मस्थल संरक्षण सम्वर्धन तथा विकास समिति, मर्स्याङ्दी -३ रु.५०,०००।- ( पचास हजार रुपैया मात्र) साधारण सभा, वक्तृत्वकला लगायतका कार्यक्रमहरु सञ्चालनार्थ ।

❖ विविध कार्यक्रम खर्च (२२५२९) विपद् व्यवस्थापन कोष शर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

१ अमर मा.वि., मर्स्याङ्दी -३, खुदी रु.१,००,०००।- (एक लाख रुपैया मात्र) रुखको हागा आएर शौचालय क्षति पुगेकोले मर्मत गर्नको लागि)

विमल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष